मिति :- २०६३/९/१४।६

# मतदाता नामावली सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : प्रचलित कानून बमोजिम हुने निर्वाचनका लागि मतदाता नामावली सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मतदाता नामावली सम्बन्धी ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले संविधान सभा सदस्यको निर्वाचन वा कानून बमोजिम हुने अन्य निर्वाचन सम्झनु पर्छ र सो शब्दले उप-निर्वाचन समेतलाई जनाउँछ ।

(ग) "निर्वाचन क्षेत्र" भन्नाले निर्वाचनका लागि प्रचलित कानून बमोजिम तोकिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(घ) "जिल्ला निर्वाचन अधिकारी" भन्नाले जिल्ला निर्वाचन कार्यालयको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "नाम दर्ता अधिकारी" भन्नाले दफा ४ बमोजिम नियुक्त भएको वा तोकिएको प्रमुख नाम दर्ता अधिकारी सम्झनु पर्छ र सो शब्दले नाम दर्ता अधिकारी र सहायक नाम दर्ता अधिकारी समेतलाई जनाउँछ ।

(च) "मतदाता" भन्नाले दफा ५ बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "मतदाता नामावली" भन्नाले यस ऐन बमोजिम तयार गरिएको मतदाता नामावली सम्झनु पर्छ ।

(ज) “अस्थायी मतदाता नामावली” भन्नाले दफा २६ बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावली सम्झनु पर्छ ।

(झ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## मतदाता तथा मतदाता नामावली

३. मतदाताको नामावली सङ्कलन र अद्यावधिक गर्ने : (१) आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा तोकिए बमोजिम प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँ विकास समिति र नगरपालिकाको वडाको मतदाताको नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य गर्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा तत्काल कायम रहेको मतदाता नामावली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा प्रकाशन गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा सो सम्बन्धी कार्यक्रम सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिम मतदाताको नामावली सङ्कलन वा अद्यावधिक गर्दा एकै पटक वा पटक पटक वा एकै समयमा वा छुट्टा छुट्टै समयमा हुने गरी तोक्न सक्नेछ ।

तर कुनै एक गाउँ विकास समिति वा कुनै एक नगरपालिकाको कुनै एक वडाको मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा एकै पटक गर्नु पर्नेछ ।

४. नाम दर्ता अधिकारी : (१) आयोगले निर्वाचनका लागि मतदाताको नाम तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक जिल्लामा एकजना प्रमुख नाम दर्ता अधिकारी र आवश्यकतानुसार नाम दर्ता अधिकारी तथा सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिमको काम सम्पादन गर्नका लागि नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायका कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकलाई आवश्यक संख्यामा खटाउन वा काममा लगाउन सक्नेछ ।

(३) यस ऐन बमोजिम प्रमुख नाम दर्ता अधिकारीले गर्नुपर्ने काम जिल्ला निर्वाचन अधिकारीले गर्ने गरी आयोगले तोक्न सक्नेछ ।

(४) नाम दर्ता अधिकारीको कार्यालय नगरपालिका भए सम्बन्धित वडामा र गाउँ विकास समिति भए गाउँ विकास समितिको कार्यालयमा रहनेछ ।

५. <u>मतदाता</u> : (१) देहायको व्यक्ति निर्वाचनको लागि मतदाता हुन योग्य हुनेछ : -

(क) नेपाली नागरिक,

(ख) मतदाता नामावली संकलन हुने साल भन्दा अघिल्लो सालको चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा गरेको,

तर आगामी संविधान सभा सदस्यको निर्वाचनको हकमा सम्वत् २०६३ साल मंसिर मसान्त सम्ममा १८ वर्ष उमेर पूरा भएको व्यक्ति मतदाता हुन सक्नेछ ।

(ग) कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको ।

(२) उपदफा (१) बमोजिमको मतदाताको नाम निज स्थायी बसोबास भएको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा समावेश गरिनेछ र यसरी समावेश भएको व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता भएको मानिनेछ ।

६. <u>मतदाताले मतदान गर्न सक्ने</u> : दफा ५ बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको प्रत्येक मतदाताले निर्वाचनमा मतदान गर्न पाउनेछ ।

तर देहायका मतदाताले मतदान गर्न पाउने छैनन् :-

(क) मगज विग्रेको व्यक्ति,

(ख) निर्वाचन अपराध र सजाय सम्बन्धी प्रचलित कानून बमोजिम कैदको सजाय पाई त्यस्तो सजाय भोगिरहेको वा त्यस्तो कानून बमोजिम एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको अवस्थामा त्यस्तो कैदको सजाय भोगिसकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको ।

७. <u>स्थायी बसोबास गरेको मानिने</u> : (१) दफा ५ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा सामान्य रुपमा बसोबास गर्दै आएको व्यक्तिलाई स्थायी रुपमा बसोबास गरेको मानिनेछ :-

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थाको बसोबासलाई समेत स्थायी रुपमा बसोबास गरेको मानिनेछ :-

(क) कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति जनप्रतिनिधि निर्वाचित भई आफ्नो पदावधिको समयमा सो निर्वाचन क्षेत्रमा अनुपस्थित रहेको अवस्था,

(ख) कुनै व्यक्ति व्यापार, व्यवसाय, अध्ययन, अध्यापन, सरकारी वा गैरसरकारी सेवा, औषधि उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानून बमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपलिकाको सम्बन्धित वडामा अनुपस्थित रहेको अवस्था ।

८. <u>स्थायी बसोबास गरेको नमानिने</u> : दफा ५ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि देहाय बमोजिमका अवस्थाका व्यक्तिहरुले सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास गरेको मानिने छैन :-

(क) कसैको घर कुनै उद्योग, व्यापार वा पेशा सञ्चालन गर्ने वा कार्यालय राख्ने प्रयोजनको लागि भाडामा लिइएको रहेछ भने सोही आधारमा मात्र घर भाडामा लिने व्यक्ति र निजका परिवार,

(ख) सरकारी, अर्धसरकारी तथा गैर सरकारी संस्थाको कार्यालयमा कार्यरत कर्मचारी र त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारीहरुका लागि बनाइएको आवास गृह, सैनिक वा प्रहरी व्यारेक, अस्थायी शिविर (क्यान्टनमेन्ट) तथा आवास गृह, औद्योगिक प्रतिष्ठान तथा त्यस्तो प्रतिष्ठानमा काम गर्ने कर्मचारी तथा कामदारहरु बस्नको लागि बनाइएको बासस्थान, अस्पताल, चिकित्सालय, नर्सिङ्ग होम, विद्यालय, क्याम्पस तथा छात्रावास, अनाथालय, बृद्धाश्रम, कारागार तथा यस्तै अन्य स्थानमा बस्ने व्यक्तिहरु ।

९. <u>अन्य निर्वाचन क्षेत्रको मतदाताको नाम दर्ता गर्न सकिने</u> : (१) कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति वैवाहिक वा अन्य कारणले बसाई सरी अर्को निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपालिकाको वडामा बसोबास गरेमा त्यस्ता व्यक्तिको नाम निज बसि आएको निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता गराउँदा त्यस्तो व्यक्तिले नाम दर्ता अधिकारी समक्ष विवाह भएको वा बसाई सरी आएको पुष्टि हुने प्रमाण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाण पेश गर्न नसकेमा त्यस्तो व्यक्तिको नाम दर्ता गरिनेछैन ।

१०. <u>दोहोरो नाम दर्ता गर्न नहुने</u> : परिच्छेद - ३ मा उल्लिखित अवस्थामा बाहेक कुनै पनि व्यक्तिको नाम एक भन्दा बढी निर्वाचन क्षेत्र भित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा दर्ता गर्न वा गराउन हुँदैन ।

११. <u>नाम दर्ता गर्न प्रमाण माग गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्दा आवश्यक परेमा नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्ति वा निजको

परिवारसँग निजको जन्म वा उमेर वा वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जग्गा धनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको प्रमाण पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिश पनि पेश गर्न नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिने छैन ।

तर नेपाली नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको कारणले मात्र मतदाता नामावलीमा नाम दर्ता गर्न वाधा पुऱ्याएको मानिने छैन ।

१२. <u>नाम दर्ता गर्ने र विवरण उपलब्ध गराउने कर्तव्य :</u> (१) यस ऐन बमोजिम मतदाता हुन योग्यता पुगेका प्रत्येक नेपाली नागरिकले आफ्नो स्थायी बसोबास रहेको निर्वाचन क्षेत्रभित्रको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा आफ्नो नाम तोकिए बमोजिम दर्ता गराउनु निजको कर्तव्य हुनेछ ।

(२) यस ऐन बमोजिम नाम सङ्कलन गर्ने प्रयोजनको लागि प्रत्येक घरमा बसोबास गर्ने प्रत्येक मतदाताको नाम तथा अन्य आवश्यक विवरण नाम सङ्कलनकर्तालाई उपलब्ध गराउनु सम्बन्धित परिवारको मुख्य व्यक्ति वा परिवारको अन्य सदस्यको कर्तव्य हुनेछ ।

१३. <u>मतदाता नामावलीको प्रकाशन</u> : नाम दर्ता अधिकारीले दफा ३ को उपदफा (१) बमोजिम सङ्कलन वा अद्यावधिक भएको मतदाता नामावली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको कार्यालयमा आयोगले निर्धारण गरेको समयमा प्रकाशन गर्नेछ ।

१४. <u>नाम समावेश गर्न दरखास्त दिने</u> : दफा ३ को उपदफा (२) वा दफा १३ बमोजिम प्रकाशित नामावलीमा कुनै व्यक्तिको नाम छुटेको भए त्यस्तो व्यक्तिले आफ्नो नाम समावेश गराउन चाहेमा प्रमाण सहित आयोगले निर्धारण गरेको समयमा सम्वन्धित नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

१५. <u>सच्याउन दरखास्त दिने</u> : दफा ३ को उपदफा (२) वा दफा १३ बमोजिम प्रकाशित नामावलीमा परेको कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सो सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले आयोगले निर्धारण गरेको समयमा सम्वन्धित नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

१६. संशोधित मतदाता नामावली प्रकाशन गर्ने : दफा १४ वा १५ बमोजिम कुनै दरखास्त पर्न आएमा नाम दर्ता अधिकारीले सो दरखास्त उपर तोकिए बमोजिम जाँचबुझ गरी मतदाता नामावलीमा निजको नाम छुटेको वा विवरणमा कुनै त्रुटि भएको देखेमा त्यस्तो मतदाताको नाम तोकिए बमोजिम सो मतदाता नामावलीमा समावेश गरी वा विवरण सच्याई तोकिए बमोजिम संशोधित मतदाता नामावली तयार गरी आयोगले निर्धारण गरेको समयमा प्रकाशन गर्नु पर्नेछ ।

१७. मतदाता नामावलीमा विरोध गर्ने : (१) दफा ३ को उपदफा (२), दफा १३ वा दफा १६ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै व्यक्तिको नाम यस ऐन अनुसार समावेश हुन नसक्ने भन्ने लागेमा सोही निर्वाचन क्षेत्रको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाका कुनै पनि मतदाताले सो कुराको विरोध गरी आयोगले निर्धारण गरेको समयमा नाम दर्ता अधिकारी समक्ष कारण सहित दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा नाम दर्ता अधिकारीले सो सम्बन्धमा तोकिए बमोजिम जाँचबुझ गरी सो व्यहोरा मनासीव देखिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउनेछ ।

१८. दोहोरो नाम हटाउन जानकारी दिनु पर्ने : (१) कुनै मतदाताको नाम एक वा एक भन्दा बढी निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा समावेश भएकोमा गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाभित्र भए सहायक नाम दर्ता अधिकारी समक्ष, जिल्ला भित्रको भए सम्बन्धित जिल्लाको प्रमुख नाम दर्ता अधिकारी समक्ष र अन्तर जिल्लाको सम्बन्धमा भए निज आफैले वा नाम दर्ता अधिकारी मार्फत आयोग समक्ष आफूले रोजेको एक निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपालिकाको वडाका मतदाता नामावलीमा मात्र नाम राखी अन्य निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीबाट नाम हटाउन तोकिए बमोजिम जानकारी दिनु सम्बन्धित मतदाताको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मतदाताको नाम एक वा एक भन्दा बढी निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएकोमा दोहोरो नाम हटाई एक मात्र नाम मतदाता नामावलीमा कायम गर्नका लागि सोही गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको कुनै मतदाताले कारण खुलाई नाम दर्ता अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

१९. दोहरो नाम हटाउने : (१) दफा १८ बमोजिम मतदाता नामावलीबाट नाम हटाउन जानकारी दिएकोमा कुनै गाउँ विकास समिति वा नगरपालिकाको वडाभित्र दोहोरो परेकोमा सहायक नाम दर्ता अधिकारीले, जिल्लाभित्रका कुनै गाउँ विकास समिति वा नगरपालिकामा दोहोरो परेकोमा सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीले र एक भन्दा बढी जिल्लाको मतदाता नामावलीमा दोहोरो परेकोमा आयोगले तोकिदिएको प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो दोहोरो नाम हटाउनु पर्नेछ ।

(२) दफा १८ बमोजिम निवेदन नदिए तापनि आयोगलाई कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त हुन आएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोबास गर्दै आएको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा कायम गरी अन्य गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीबाट निजको नाम हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र नाम दर्ता अधिकारी स्वयंलाई पनि सो कुराको जानकारी प्राप्त हुन आएमा गाउँ विकास समिति वा नगरपालिकाको वडा भित्र दोहोरो परेकोमा सहायक नाम दर्ता अधिकारीले र जिल्ला भित्रका कुनै गाउँ विकास समिति वा नगरपालिकामा दोहोरो परेकोमा सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको स्थायी बसोबास भएको गाउँ विकास समिति वा नगरपालिकाको वडाका बाहेक अन्य गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीबाट निजको नाम हटाउनु पर्नेछ ।

(३) दफा १८ को उपदफा (२) बमोजिम निवेदन परेमा नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी एउटा मात्र कायम राखी तोकिए बमोजिम दोहोरो नाम हटाउनेछ ।

(४) यस दफा बमोजिम दोहोरो नाम हटाइएकोमा सो को सूचना नाम दर्ता अधिकारीले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा टाँस गर्नु पर्नेछ ।

२०. <u>मतदाता नामावलीबाट नाम हटाउने</u> : (१) मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको मृत्यु भएको वा निजले स्थायी तवरले सम्बन्धित निर्वाचन क्षेत्रबाट बसाई सरेमा वा नेपाली नागरिकता त्याग गरेको वा मतदाता नामावलीमा नाम कायम रहन सक्ने योग्यता गुमाएको रहेछ भने सो व्यहोरा उल्लेख गरी कुनै पनि मतदाताले नाम दर्ता अधिकारी समक्ष आयोगले निर्धारण गरेको समयभित्र सूचना दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि नाम दर्ता अधिकारीले तोकिए बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यहोरा मनासिव देखिएमा सो मतदाताको नाम मतदाता नामावलीबाट तोकिए बमोजिम हटाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्राप्त नभए पनि कुनै मतदाताको विवाह भई वा अन्य कारणले बसाईसराई गरी अन्यत्र गएको वा मृत्यु भएको व्यहोरा स्थानीय पंजिकाधिकारीको कार्यालयको अभिलेखबाट देखिएमा नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउन सक्नेछ ।

(४) यस दफा बमोजिम मतदाता नामावलीबाट नाम हटाईएकोमा सो को सूचना नाम दर्ता अधिकारीले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा टाँस गर्नु पर्नेछ ।

२१. <u>अन्तिम मतदाता नामावली प्रकाशन</u> : (१) यस परिच्छेद बमोजिम दाबी, विरोध, जाँचबुझ र संशोधनको प्रक्रिया पूरा गरिसकेपछि नाम दर्ता अधिकारीले सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावली तयार गरी आयोगले निर्धारण गरेको समयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नामावली प्रकाशन गर्दा सम्भव भए सम्म एक परिवारका मतदाताको नाम एकै ठाउँमा राखी प्रकाशन गरिनेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित अन्तिम मतदाता नामावली नाम दर्ता अधिकारीले आयोगले निर्धारण गरेको समयभित्र निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।

२२. मतदाता नामावलीको पुनरावलोकन : (१) दफा २१ को उपदफा (३) बमोजिम आयोगमा प्राप्त हुन आएको अन्तिम मतदाता नामावली त्यस्तो नामावली प्राप्त भएको पैतीस दिन भित्र आयोगले पुनरावलोकन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो अन्तिम मतदाता नामावलीमा सारभूत त्रुटि देखिएमा त्यस्तो त्रुटि सुधार गर्न आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन दिएकोमा सम्बन्धित नाम दर्ता अधिकारीले सो निर्देशन बमोजिम मतदाता नामावलीमा आवश्यक सुधार गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि “सारभूत त्रुटि” भन्नाले यस ऐन बमोजिम मतदाता नामावलीमा नाम समावेश गर्नु पर्ने व्यक्तिको नाम समावेश नभएको वा मतदाता नामावलीमा नाम समावेश गर्न नहुने व्यक्तिको नाम समावेश भएको कारणले मतदाता नामावलीको विश्वसनीयतामा प्रश्न उठ्न सक्ने अवस्थालाई जनाउँछ ।

(३) उपदफा (२) बमोजिम सुधार गरिएको अन्तिम मतदाता नामावली यस ऐन बमोजिमको कार्यविधि पूरा गरी प्रकाशन गर्नु पर्नेछ ।

२३. नाम समावेश गर्न सकिने विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २१ को उपदफा (१) वा दफा २२ को उपदफा (३) बमोजिम नामावली प्रकाशन भई सके पछि नागरिकता प्राप्त गर्ने यस ऐन बमोजिम मतदाता हुन योग्यता पुगेको व्यक्तिको नाम मतदाता नामावलीमा नाम दर्ता भएको रहेनछ भने त्यस्तो व्यक्तिले आयोगले निर्धारण गरेको अवधि भित्र मतदाता नामावलीमा नाम समावेश गर्न प्रमुख नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गरी दिनु पर्नेछ ।

२४. अन्तिम नामावलीमा हेरफेर वा थपघट गर्न नहुने : दफा २१ को उपदफा (१) बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीमा दफा २२ र २३ को अवस्थामा बाहेक कुनै प्रकारबाट हेरफेर, थपघट गर्न वा सच्याउन सकिने छैन ।

२५. अदालतमा प्रश्न उठाउन नसकिने : देहायका विषयमा कुनै पनि अदालतमा कुनै पनि प्रश्न उठाउन सकिने छैन :-

(क) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा, र

(ख) नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेद बमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थप घट गरेको विषयमा ।

## परिच्छेद-३

## अस्थायी मतदाता नामावली सम्बन्धी विशेष व्यवस्था

२६. अस्थायी मतदाता नामावली तयार गर्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा छुट्टै अस्थायी मतदाता नामावली तयार गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको अस्थायी मतदाता नामावलीमा देहायका व्यक्तिहरुको नाम समावेश गरिनेछ :

(क) सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,

(ख) सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकु,

(ग) कारागारमा रहेका कैदी र थुनुवा,

(घ) निर्वाचन वा मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मी ।

२७. अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन नसक्ने : दफा ५ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको योग्यता नपुगेका व्यक्तिको नाम अस्थायी मतदाता नामावलीमा समावेश हुन सक्ने छैन ।

२८. सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारीको अस्थायी मतदाता नामावली तयार गर्ने : (१) सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारीको अस्थायी मतदाता नामावली तयार गर्ने वा अद्यावधिक गर्ने वा सो सम्बन्धमा आवश्यक अन्य सबै कामहरु नाम दर्ता अधिकारीले गर्नेछ ।

(२) सरकारी, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण रहेको संस्थामा कार्यरत कर्मचारीको नाम निज जुन नगरपालिका वा गाउँ विकास समितिको वडामा रहेको कार्यालयमा बहाल रहेको छ सोही नगरपालिका वा गाउँ विकास समितिको वडाको छुट्टै अस्थायी मतदाता नामावली कायम गरी नाम समावेश गरिनेछ । त्यसरी तयार भएको मतदाता

नामावलीमा नाम समावेश भएको व्यक्तिको नाम अस्थायी मतदाताको रुपमा नाम दर्ता भएको मानिनेछ ।

(३) सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारीको नाम दर्ता गर्दा सम्बन्धित कार्यालयले प्रमाणित गरेको नामावलीलाई आधार लिई दर्ता गरिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कार्यालयमा बहाल रहेको कर्मचारीको नाम स्थायी वसोवासको आधारमा कार्यालय रहेकै गाउँ विकास समिति वा नगरपालिकाको मतदाता नामावलीमा नाम दर्ता भएको रहेछ भने त्यस्तो कर्मचारीको नाम यस दफा बमोजिम अस्थायी मतदाता नामावलीमा दर्ता गरिने छैन ।

२९. सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकुको अस्थायी मतदाता नामावली तयार गर्ने : (१) सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकुको अस्थायी मतदाता नामावली तयार गर्ने वा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम नाम दर्ता अधिकारीले गर्नेछ ।

(२) सैनिक वा प्रहरी व्यारेक वा अस्थायी शिविर (क्यान्टनमेन्ट) जुन गाउँ विकास समिति वा नगरपालिकाको वडामा रहेको छ सो व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकुको नाम सोही गाउँ विकास समिति वा नगरपालिकाको वडाको छुट्टै अस्थायी मतदाता नामावली कायम गरी नाम समावेश गरिनेछ । त्यसरी तयार भएको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको नाम अस्थायी मतदाताको रुपमा नाम दर्ता भएको मानिनेछ ।

(३) सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकुको नाम दर्ता गर्दा सम्बन्धित सैनिक वा प्रहरी व्यारेक वा अस्थायी शिविर व्यवस्थापन गर्ने अधिकारीले प्रमाणित गरेको नामावलीको आधारमा गरिनेछ ।

३०. कैदी वा थुनुवाको अस्थायी मतदाता नामावली तयार गर्ने : (१) कारागारमा बस्ने कैदी वा थुनुवाको अस्थायी मतदाता नामावली तयार गर्न वा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै कामहरु नाम दर्ता अधिकारीले गर्नेछ ।

(२) कारागारमा बस्ने कैदीको नाम त्यस्तो कारागार जुन गाउँ विकास समिति वा नगरपालिकाको वडामा रहेको छ सोही गाउँ विकास समिति वा नगरपालिकाको वडाको छुट्टै अस्थायी मतदाता नामावली कायम गरी नाम समावेश गरिनेछ । त्यसरी तयार भएको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको नाम अस्थायी मतदाताको रुपमा नाम दर्ता भएको मानिनेछ ।

(३) कारागारमा बस्ने कैदी वा थुनुवाको नाम दर्ता गर्दा सम्बन्धित कारागारको प्रमुखले प्रमाणित गरेको नामावलीको आधारमा दर्ता गरिनेछ ।



C:\Documents and Settings\Administrator\Desktop\web pdf\Final of Voter Regsistration.doc

३१. निर्वाचन वा मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली तयार गर्ने: निर्वाचन वा मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली आयोगले मतदान केन्द्रमा खटाएकै बखत तयार गरी सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराउनेछ ।

३२. अस्थायी मतदाता नामावलीको प्रकाशन तथा दाबी विरोध : (१) यस परिच्छेद बमोजिम संकलन गरिएको मतदाता नामावली आयोगले निर्धारण गरेको स्थान र समयमा प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित नामावलीमा कुनै व्यक्तिको नाम छुटेको भए त्यस्तो व्यक्तिले आफ्नो नाम समावेश गराउन चाहेमा प्रमाण सहित आयोगले निर्धारण गरेको समयमा नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सो सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले आयोगले निर्धारण गरेको समयमा दरखास्त दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम कुनै दरखास्त पर्न आएमा नाम दर्ता अधिकारीले सो दरखास्त उपर तोकिए बमोजिम जाँचबुझ गरी मतदाता नामावलीमा निजको नाम छुटेको वा विवरणमा कुनै त्रुटि देखिएमा त्यस्तो मतदाताको नाम तोकिए बमोजिम सो मतदाता नामावलीमा समावेश गरी वा सच्याई तोकिए बमोजिम संशोधित मतदाता नामावली तयार गरी आयोगले निर्धारण गरेको समयमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै व्यक्तिको नाम यस परिच्छेद बमोजिम समावेश हुन नसक्ने भन्ने देखिएमा कुनै मतदाताले सो कुराको विरोध गरी आयोगले निर्धारण गरेको समयमा नाम दर्ता अधिकारी समक्ष कारण खुलाई दरखास्त दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दरखास्त प्राप्त भएमा नाम दर्ता अधिकारीले सो सम्बन्धमा तोकिए बमोजिम जाँचबुझ गर्दा सो व्यहोरा मनासिब ठहरिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउनेछ ।

(७) यस परिच्छेद बमोजिम दाबी, विरोध, जाँचबुझ र संशोधनको प्रक्रिया पूरा गरिसकेपछि नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली तयार गरी आयोगले निर्धारण गरेको समयमा प्रकाशन गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्रकाशित अन्तिम मतदाता नामावली नाम दर्ता अधिकारीले आयोगले निर्धारण गरेको समयभित्र आयोगमा पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम आयोगमा प्राप्त हुन आएको अन्तिम मतदाता नामावली आयोगले पुनरावलोकन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम पुनरावलोकन गरिएको मतदाता नामावली यस ऐन बमोजिम कार्यविधि पूरा गरी अन्तिम रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीमा आयोगले निर्देशन दिएको अवस्थामा बाहेक कुनै प्रकारबाट हेरफेर, थपघट गर्न वा सच्याउन सकिने छैन ।

३३. अस्थायी मतदाता नामावलीको प्रयोग : (१) यस परिच्छेद बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावलीको प्रयोग संविधान सभा सदस्यको समानुपातिक निर्वाचन पद्धतिको आधारमा हुने २०४ स्थानको लागि मतदान गर्ने प्रयोजनको लागि मात्र प्रयोग हुनेछ ।

(२) यस परिच्छेद बमोजिमको अस्थायी मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले उपदफा (१) को प्रयोजनका लागि आयोगले तोकेको मतदान केन्द्रमा मतदान गर्न सक्नेछ ।

## परिच्छेद - ४

## कसुर र सजाय

३४. कसुर र सजाय : (१) देहाय बमोजिमका कार्यहरु गरेमा यो ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) गैर नेपाली नागरिकले नेपाली नागरिक हु भनी ढाँटी मतदाता नामावलीमा नाम समावेश गराएमा,

(ख) यस ऐन बमोजिम मतदाता नामावली तयार गर्ने सिलसिलामा आवश्यक विवरण सङ्कलन गर्दा कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराएमा वा दर्ता गराउनको लागि दरखास्त दिएमा वा त्यसरी ढाँटी विरोधपत्र दिएमा,

(ग) यस ऐन बमोजिम प्रकाशन गरेको मतदाता नामावलीमा जानी बुझी कसैले कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगारेमा, नोक्सान पारेमा वा नष्ट गरेमा,

(घ) यस ऐन बमोजिम मतदाता नामावली तयार गर्ने सिलसिलामा खटिएका कर्मचारीलाई कसैले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गराउनबाट विचलित गराएमा,

(ङ) गोप्य राख्नु पर्ने कागजात वा विवरणहरुको गोप्यता भङ्ग गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँ सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुबै सजाय हुनेछ र सोही उपदफाको खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) यस ऐन बमोजिमको कसूरको उद्योग गर्ने वा सो गर्न मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम मतदाता नामावलीमा नाम समावेश गर्नु पर्ने कुनै व्यक्तिको नाम वदनियतपूर्वक समावेश नगर्ने वा समावेश नगर्नु पर्ने व्यक्तिको नाम वदनियतपूर्वक समावेश गर्ने वा अन्तिम मतदाता

नामावलीमा वदनियतपूर्वक थपघट वा हेरफेर गर्ने गराउने नाम दर्ता अधिकारी, नाम सङ्कलनकर्ता वा निर्वाचनमा संलग्न अन्य कर्मचारीलाई आयोगले प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नसक्नेछ ।

३५. सरकार वादी हुने : यस ऐन बमोजिम दायर गरिने मुद्दा नेपाल सरकार वादी भई दायर गरिनेछ ।

३६. अनुसन्धान तथा तहकिकात : यस ऐन बमोजिमको कसूर सँग सम्बन्धित मुद्दाको अनुसन्धान तथा तहकिकात सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन अधिकारीले गर्नेछ ।

## परिच्छेद - ५

## विविध

३७. नागरिकता सम्बन्धी कुरामा असर नपर्ने : यस ऐन बमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावली वा अस्थायी मतदाता नामावलीमा समावेश भएको वा नभएको कारणले मात्र निजको नागरिकता बारे प्रचलित कानून बमोजिम हुनेमा कुनै असर पर्ने छैन ।

३८. अन्य प्रयोजनका लागि प्रमाणमा नलाग्ने : यस ऐन बमोजिम तयार गरिएको मतदाता नामावली वा अस्थायी मतदाता नामावली मतदानको प्रयोजनको लागि र प्रचलित कानूनमा विशेष व्यवस्था भए बाहेक अन्य प्रयोजनको लागि प्रमाणमा लाग्ने छैन ।

३९. मतदाता प्रमाणित गरिदिने : कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले सो व्यहोरा प्रमाणित गरी पाउँ भनी तोकिए बमोजिम दरखास्त दिएमा आयोग वा आयोगबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यहोरा तोकिए बमोजिम प्रमाणित गरि दिनु पर्नेछ ।

४०. सहयोग उपलब्ध गराउनु पर्ने : यस ऐन बमोजिम मतदाता नामावली वा अस्थायी मतदाता नामावली तयार गर्दा नाम दर्ता अधिकारीबाट माग भए बमोजिम आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४१. सहयोग समिति : यस ऐन बमोजिम मतदाता नामावली वा अस्थायी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यमा सहयोग पु-याउन आयोगले स्थानीय स्तरमा राजनैतिक दलका प्रतिनिधि रहने गरी सहयोग समिति गठन गर्न सक्नेछ ।

४२. मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था लागू गर्न सक्ने : (१) आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कुनै वा सबै निर्वाचन क्षेत्रका मतदाताहरुले मतदान गर्नका लागि मतदाता परिचयपत्र लिनु पर्ने गरी व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएकोमा त्यस्तो निर्वाचन क्षेत्रका मतदाताले परिचयपत्र देखाई मतदान गर्नुपर्नेछ ।

(३) मतदाता परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. मतदाता नामावली मान्य हुने : (१) यो ऐन बमोजिम मतदाता नामावली तयार नभएसम्म यो ऐन प्रारम्भ हुन अघि प्रचलित कानून बमोजिम तयार गरिएको मतदाता नामावलीलाई आधार लिन सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सङ्कलन र अद्यावधिक गरिएको मतदाता नामावली प्रचलित कानून बमोजिम हुने निर्वाचनको प्रयोजनको लागि मान्य हुनेछ ।

४४. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४५. निर्देशिका बनाउन सक्ने : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आयोगले आवश्यकतानुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४६. आदेश जारी गर्न सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा निर्देशिकाको कार्यान्वयनको लागि आयोगले आवश्यकतानुसार आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरेको आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४७. खारेजी र बचाउ : (१) मतदाता नामावली सम्बन्धी ऐन, २०५२ खारेज गरिएकोछ ।

(२) मतदाता नामावली सम्बन्धी ऐन, २०५२ बमोजिम भए गरिएका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।